STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ८१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ चैत २२ गते मंगलबार ❑ 5 April 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## सरकार बनाउन मात्र होइन, दीर्घशान्तिका लागि गठबन्धन : गृहमन्त्री

**पोखरापत्र संवाददाता**
**दमौली, २१ चैत**

गृहमन्त्री बालकृष्ण खाँणले वर्तमान गठबन्धन सरकार बनाउन मात्र नभई मुलुकको दीर्घशान्तिको लागि भएको बताउनुभएको छ । तनहुँ उद्योग वाणिज्य सङ्घले आयोजना गरेको आठौं तनहुँ महोत्सवमा समापन गर्दै उहाँले गठबन्धनको उपलब्धि सरकार बनाउनुमात्र नभइ संविधानको रक्षाका लागि भएको प्रष्ट पार्नुभयो।

गृहमन्त्री खाँणले लोकतान्त्रिक प्रणालीमाथि प्रहार भएपछि अहिलेको गठबन्धन बनेको बताउनुभयो । उहाँले भन्नुभयो, 'संविधान बचाउन गठबन्धन गरिएको हो, सरकार प्राप्तिका लागि मात्र होइन । मुलुकको विकास र शान्तिका लागि हो ।'

गृहमन्त्री खाँणले नागरिकको जीवनरक्षा सरकारको पहिलो दायित्व भएको बताउँदै कुनै पनि नागरिकले अकालमा ज्यान गुमाउन नपरोस् भनेर सरकार गम्भीर रहेको बताउनुभयो। सीमित स्रोत र साधनका बाबजुद पनि सुरक्षा निकायले गम्भीरतापूर्वक




आफ्नो जिम्मेवारी निर्वाह गरिरहेको उहाँको भनाइ थियो ।

उद्योगी व्यवसायीको संरक्षणका लागि सरकार गम्भीर रहेको भन्दै गृहमन्त्री खाँणले भन्नुभयो, 'उद्योगीको सुरक्षाका लागि गम्भीर र संवेदनशील छौं । रोजगारी वृद्धि गरी अर्थतन्त्र चलायमान बनाउन व्यवसायी गतिशिल बन्नुपर्छ । जनतालाई सम्पन्न र सरकारलाई सक्षम बनाउन उद्योगी व्यवसायीको भूमिका छ ।' गृहमन्त्री खाँणले तनहुँमा जन्मिनुभएका आदिकवि भानुभक्त आचार्यले नेपाली भाषाको विकासका लागि योगदान पुऱ्याएको चर्चा गर्दै भन्नुभयो, 'भानुभक्त आचार्य नजन्मिएको भए नेपाली भाषाले यो उचाई प्राप्त गर्ने थिएन।' कार्यक्रममा खानेपानीमन्त्री उमाकान्त चौधरीले तोकिएकै मितिमा चुनाव गर्न सरकार प्रतिबद्ध रहेको बताउँदै मुलुक निर्वाचनको तयारीमा जुटिसकेको बताउनुभयो। हरेक नेपालीलाई स्वच्छ खानेपानी पुऱ्याउन सरकार प्रतिबद्ध रहेको मन्त्री चौधरीको भनाइ थियो ।

नेपाल उद्योग वाणिज्य महासङ्घका केन्द्रीय सदस्य देवकुमार श्रेष्ठले हरेक वडामा कृषि उपज बजारीकरणका लागि सरकारले पहल गर्नुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा तनहुँ उद्योग वाणिज्य सङ्घका पूर्व अध्यक्ष मानकाजी श्रेष्ठ, गोरखाका पूर्व अध्यक्ष विश्वदेव श्रेष्ठ लगायतले निजी क्षेत्रको प्रवर्द्धनमा सरकार लाग्नुपर्ने बताउनुभयो ।

सङ्घका अध्यक्ष एवं महोत्सव मूल समारोह समितिका संयोजक पविन्द्रकुमार श्रेष्ठले महोत्सव सफल भएको बताउनुभयो । आर्थिक, सामाजिक विकासका साथै स्थानीय उत्पादन, कृषि, धार्मिक, सांस्कृतिक, पर्यटकीय स्थल, उद्योग, व्यापार व्यवसायको सम्भाव्यता अध्ययन गरी प्रबर्द्धन गर्ने उद्देश्यसहित महोत्सव आयोजना गरिएको र महोत्सवको लक्ष्य पूरा भएको उहाँले बताउनुभयो । महोत्सवमा मादीसेती नदीमा जलबिहारको व्यवस्था मिलाइएको थियो । सेती र मादीको सङ्गमस्थल दमौलीमा जलबिहारको प्रचुर सम्भावना भए पनि जलबिहारले व्यापकता पाउन नसकेको भन्दै महोत्सव अवधिभर जलविहार सञ्चालन गरिएको र यसले आकर्षण थपेको महोत्सवका प्रवक्ता इमकुमार मल्लले जानकारी दिनुभयो ।

## गठबन्धन गर्दा महिला अधिकार सुनिश्चित हुनु पर्दछ -उपसभामुख शर्मा

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ चैत**

गण्डकी प्रदेशका उपसभामुख सिर्जना शर्माले स्थानीय निर्वाचनमा हुने जुनसुकै गठवन्धनमा महिला अधिकार सुनिश्चित हुनु पर्ने बताउनु भएको छ ।

राष्ट्रिय महिला आयोगद्धारा आज पोखरामा आयोजित प्रदेश स्तरीय महिलाको नीतिगत तहमा पहुँज स्थापित गराउन राजनीतिक सहभागिता र सशक्तिकरण बिषयक अन्तरकृया कार्यक्रममा उहाँले गठबन्धनका नाममा महिला अधिकार कुण्ठित हुन नहुनेमा बताउनुभयो। निर्वाचनमा गठबन्धन गर्ने पार्टी बीच प्रमुख, उपप्रमुख र अध्यक्ष, उपाध्यक्ष पदमा एकजना महिला हुनु पर्नेमा जोड दिंदै उपसभामुख शर्माले भन्नुभयो, संवैधानिक हक अधिकारका लागि महिलाहरु संगठितपार्टीमा सशक्तरुपमा भूमिका खेल्नु पर्नेमा आवश्यकता औल्याउनुभयो ।

विगतका निर्वाचनमा थैलिको मुख खोलर सहयोग गर्दै आएका महिलाहरुलाई यस पटकको निर्वाचनमा सेफ खोले सहयोग गर्न पुरुषहरुलाई आग्रह गर्दै उहाँले महिलाहरु आर्थिक, सामाजिक र राजनैतिक रुपमा सक्षम हुनु पर्नेमा जोड दिनुभयो। संवैधानिक अधिकार अनुसार मुलुकका सवै क्षेत्रमा ३३ प्रतिशत महिला सहभागिता गराउन राजनैतिक पार्टी एवम् निर्वाचन आयोगको



महत्वपूर्ण भूमिका हुने विश्वास व्यक्त गर्दै उपसभामुख शर्माले त्यसका लागि महिलाहरु नेतृत्व विकास र उद्यमशिल हुँदै आर्थिक रुपमा सशक्त भएर अघि बढ्नुको विकल्प नभएको बताउनुभयो ।

संविधान सभा सदस्य एवम् गण्डकी प्रदेश सभा सदस्य विकास लम्सालले समानतामूलक समाज निर्माणमा सबै लाग्नु पर्नेमा जोड दिंदै प्राप्त अधिकारलाई आधार बनाएर थप अधिकारका लागि महिलाहरु संगठित भएर अघि बढ्नु पर्ने आवश्यकता औल्याउनुभयो । जिल्ला समन्वय समितिका कास्कीका उपप्रमुख सावित्री भण्डारीले कर्तव्य पुरा गरेर अधिकार खोज्नु पर्ने बताउँदै स्थानीय निर्वाचनमा महिलालाई अगाडि बढाउन सवैको साथ र सहयोग रहने विश्वास व्यक्त गर्नुभयो ।

राष्ट्रिय महिला आयोगका सदस्य सावित्रीकुमारी शर्माले आयोगले सामाजिक, आर्थिक, सांस्कृति र राजनैतिक बिभेदको अन्त्य गर्दै महिला सशक्तिकरणमा जोड दिंदै आएको जानकारी दिनुभयो । आयोगले सात वटै प्रदेशमा यस्ता कार्यक्रम सञ्चालन गरेको बताउदै नीतिगत तहमा महिलाहरुको पहुँच बढाउने उदेश्य कार्यक्रमको रहेको बताउनुभयो ।

कार्यक्रममा कास्कीका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यले लैंगिक सम्वन्धी सवाल र निर्वाचन आयोगका पोखराका होमनाथ पराजुलीले निर्वाचन र महिला सहभागिता विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा राजनैतिक दलका प्रमुख तथा प्रतिनिधि, स्थानीय तहका जनप्रतिनिधि, विभिन्न संघसंस्थामा आवद्ध अधिकार कर्मी, सञ्चारकर्मी लगायतको सहभागिता रहेको आयोगका शाखा अधिकृत बर्षा ढकालले जानकारी दिनुभयो ।

## आवश्यकताअनुसार तालमेल गर्न नेता कोइरालाको आग्रह

**पोखरापत्र संवाददाता**
**वालिङ, २१ चैत**

नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा शेखर कोइरालाले स्थानीय तहमा औचित्यका आधारमा तालमेल गर्न कार्यकर्तालाई निर्देशन दिनुभएको छ ।

नेपाली कांग्रेस गण्डकी प्रदेशद्वारा पोखरामा सोमबार आयोजित कार्यकर्ता भेटघाट कार्यक्रममा उहाँले चुनावी तालमेल गर्ने अधिकार प्रदेश, जिल्ला, नगर र वडालाई भएकाले औचित्य आवश्यकताअनुसार निर्णय लिन कार्यकर्तालाई आग्रह गर्नुभयो ।

जथाभाबी टिकट वितरण गर्ने होइन सक्षम र योग्य उम्मेदावरलाई निर्वाचनमा टिकट दिनुपर्छ भन्दै उहाँले भन्नुभयो,



'प्रदेशले कांग्रेसको विधानअनुसार प्रदेश भर समन्वयकारी भूमिका निर्वाह गर्नुपर्दछ ।' नेता काइरालाले तालमेलका नाममा विसं २०७४ को निर्वाचनमा माओवादीसँग गठबन्धन गरेका स्थानमा कांग्रेसले हारेको तर माओवादीलाई कांग्रेसले जिताएको स्मरण गर्दै विगतमा भरतपुर महानगरपालिका जस्तो तालमेल गर्न नहुने बताउनुभयो ।

नयाँ मतदातालाई रुखबाहेक अन्य चिह्नमा कसरी मतदान गर्ने लगाउने त्यो कुरा कांग्रेसका लागि चुनौती भएको बताउँदै नेता कोइरालाले भन्नुभयो, 'एकातिर घरघर जाऔं कांग्रेस जिताऔं अभियान जुटेको पार्टी कार्यकर्ताले गठबन्धनका नाममा कसरी माओवादीलाई भोट हाल कसरी भन्ने यसको व्यवस्थापन गर्नुपर्छ ।' कांग्रेस केन्द्रीय सदस्य मधु आर्चायले कांग्रेसको एजेण्डामा गएर अन्य दलहरू पनि चुनाव लड्न तयार हुनुपर्नेमा जोड दिनुभयो ।

पार्टी गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माले कांग्रेसले स्थानीय तहमा उत्साह दिने किसिमको उम्मेदवार सिफारिस हुनुपर्ने र जनताको मन जित्त सक्ने नेताले टिकट पाउने विश्वास व्यक्त गर्नुभयो । कांग्रेस नेता जगदिश नरसिंह केसी, गण्डकी प्रदेशका उपसभापति कल्पना तिवारी, महामन्त्री किरणबाबु क्षेष्ठ लगायतले स्थानीय तहको निर्वाचन र तालमेलका बारेमा पार्टीले गम्भीर भएर लाग्नु कार्यकर्तालाई निर्देशन दिनुभयो ।

## पेट्रोलियम पदार्थको बिक्रीवितरण सहज

**रासस**
**काठमाडौं, २१ चैत**

केही दिनदेखि पेट्रोलपम्पमा देखिएको चर्को लाइन हटेको छ। नेपाल आयल निगम र पेट्रोलियम व्यवसायीबीचको सहमतिपश्चात् पेट्रोलियम पदार्थको बिक्री वितरण सहज बनेको हो ।

निगम र आन्दोलनरत राष्ट्रिय पेट्रोलियम व्यवसाय संस्थागत समन्वय समितिबीच शनिबार पेट्रोलियम पदार्थको बिक्रीवितरण सहज बनाउने सहमति भएको थियो । सहमति भएपछि पेट्रोलियम बिक्रेताले निगमको डिपोबाट पेट्रोलियम पदार्थ उठाएका थिए। पेट्रोलियम

बाँकी अन्तिम पृष्ठमा ▶▶

## यसपाली पार्टी एकता र गठबन्धन कोहिसंग हुदैन: नेतृ अर्याल

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ चैत**

नेकपा एमालेकी सचिव पद्मा अर्यालले यसपालीको स्थानिय निर्वाचनमा एमालेको पार्टी एकता र गठबन्धन कोहिसंग पनि नहुने हुदा चुनावी तयारीमा जुट्न आग्रह गरेकी छन् ।

गण्डकी प्रदेश सभा सदस्य मिना गुरुङले आफू सांसद भएपछि पछिल्लो चार वर्षमा गरेका कामहरु सार्वजनिक गर्न आयोजित कार्यक्रममा बोल्दै पुर्व मन्त्री समेत रहेकी नेतृ अर्यालले उक्त कुरा बताएकी हुन् । नेतृ अर्यालले कास्कीलाई



प्रतिपक्षीविहीन बनाउन सकिने दाबी गर्दै त्यसका लागि पार्टी भन्दा बाहिर रहेकाहरुलाई पार्टीमा आबद्ध गर्नुपर्ने जनाइन् ।

पार्टी बाहिर रहेर छिरलिएकाहरुलाई पार्टीमा एकिकृत गर्न सुझाव दिदै नेतृ अर्यालले कास्कीमा पाँचवटा पालिका जित्नुपर्ने जनाइन् । उनले भनिन "कास्कीमा अघिल्लो पटक गुमेको अन्नपूर्ण गाउँपालिका र वडापनि जित्नेगरी चुनावको तयारी गर्नुहोस यसपाली हामीलाई हार्ने छुट छैन् ।" पोखरा महानगरपालिकाका ३३ वडामध्ये २२ वटामा एमालेले जितेको थियो भने ११ वटामा कांग्रेसले जितेको थियो । जित्नका लागि के के पर्ने पर्ने हो सम्पुर्ण ढंगले लाग्न निर्देशन दिदै नेतृ अर्यालले गठबन्धन ५ तिर फर्किएकोले त्यसको फाइदा आफुहरुले उठाउनु पर्ने बताइन् । सांसद गुरुङले आफ्नो ४ बर्षको अवधिमा व्यक्तिगत देखि निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रम सहित आफ्नो पहलमा केही ठाँउमा विकास निर्माण तथा पूर्वाधार निर्माणमा जोड दिएको बताइन् । कोभिडको वेलामा दुई महिनाको तलव समेत सामाजिक कार्यमा खर्चिएको उनले जनाइन् ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# बिटी कपमा पहिलो चरणका खेल सम्पन्न

निर्मला सुवेदी
पोखरा, २१ चैत



पोखरा १ बगरस्थित पुरानो टुडिखेलमा जारी १५ औं संस्करणको बिटी कप पाँचौ बिरेन स्मृति सेभेन ए साईड फुटबल प्रतियोगितामा पहिलो चरणका खेलहरु सम्पन्न भएका छन् ।

बुद्धटोल युवा क्लबको आयोजनामा जारी प्रतियोगितामा भोलीदेखि दास्रो चरणका खेहरु क्लबका अध्यक्ष विजया गुरुङले जानकारी दिईन् । उनका अनुसार बगर स्थित पुरानो टुडिखेलमा आज सम्पन्न भिमकाली निलो र डेभिजफल्स एफसी बिच भएको खेल निर्धारित समय बराबरीमा सकिएपछि टाईबेकरमा भिमकाली निलोले १-० गोल अन्तरले जित निकाल्यो ।

त्यसैगरी दोस्रो खेलमा भिमकाली क्लब टिमएले डुङ्गेसाधुँ क्लबलाई टाईबेकरमा ४-३ गोल अन्तरले पराजित गर्यो । तेस्रो खेलपनि निर्धारित समयमा गोलरहित भएपनि टाईबेकरमा दीप युनाईटेडले ब्रदर्श युनिटीलाई ३-२ गोल अन्तरले पाखा लगायो । एलजी एफसीले स्याङ्जा एफसी टिम बिलाई १-० गोल अन्तरले हरायो ।

एलजीको जितमा अभिषेक गुरुङले निर्णायक गोल गरे । पाँचौ खेलमा स्याङ्जा एफसी टिम एले सँगम एफसीलाई १ -० गोल अन्तरले सँघर्षपूर्ण जित निकाल्यो स्याङ्जाको जितमा मुक्त थापाले निर्णायक गोल गरे । छैटौ खेलमा मिरुवा एफसीलाई बयारघारी एफसीले १-० गोलले पराजित गर्यो । बयारघारीको जितमा समिर गुरुङले गोल गरे । सातौ खेलमा विष्णु पादुका क्लबलाई कमलपोखरी क्लब टिम बिले १-० गोलले हरायो । कमलपोखरीको जितमा बिमल गुरुङले निर्णायक गोल गरे । आठौं खेलमा लेकसाईड एफसीले रत्नचोक एफसीलाई २-१ गोल अन्तरले सँघर्षपूर्ण जित हाँसिल गर्यो । लेकसाईडको जितमा मुक्त बहादुर तामाङ र सुनिल बिकले समान १/१ गोल गरेका थिए भने रत्नचोकको तर्फबाट सिङ्कमान तामाङले सान्त्वना १ गोल फर्काएका थिए ।

आजको अन्तिम खेलमा रामघाट एफसीले र एनजी एफसी टिमबिलाई ३-० गोल अन्तरले पराजित गरेको बिटी क्लबका अध्यक्ष विजया गुरुङले जानकारी दिईन् । उनका अनुसार त्यसपश्चात दोस्रो चरणका खेलहरु सञ्चालन हुनेछन् ।

# पेट्रोलियम...

बिक्रेताले कमिशन वृद्धिको माग गर्दै पेट्रोलियम पदार्थको बिक्रीवितरण रोकेका थिए ।

पेट्रोलियम बिक्रेताले इन्धनको बिक्रीवितरण बन्द गर्दा देशभर इन्धनको हाहाकार देखिएको थियो । सरकारी स्वामित्वका पम्पमा सवारी साधनको लामो लाइन लागेको थियो । निगम र व्यवसायीबीच सहमति भएपछि आइतबार बिहानदेखि पम्पले पेट्रोलियम पदार्थ उठाउन थालेका थिए । निगमले आइतबार एक हजार ६०० किलोलिटर पेट्रोल र एक हजार १०० किलोलिटर डिजेल बजारमा पठाएको थियो ।

सोमबार एक हजार १०० किलोलिटर डिजेल र पेट्रोल डिपोबाट वितरण गरिएको निगमका प्रवक्ता विनितमणि उपाध्यायले जानकारी दिनुभयो । पेट्रोलियम पदार्थको बिक्रीवितरण सहज भएसँगै पेट्रोलपम्प खाली देखिएका छन् । इन्धन भर्न कुनै पनि पम्पमा लाइन बस्नुपर्ने अवस्था नरहेको उहाँले बताउनुभयो ।

निगम र समन्वय समितिबीच पेट्रोलियम बिक्रेता कमिशन र एलपी ग्यासको ढुवानी भाडा समायोजनसम्बन्धी मागको सम्बन्धमा सात दिनभित्र उचित निष्कर्ष निकाल्ने तथा अन्य पेट्रोलियम कारोबारसँग सम्बन्धित मागका सम्बन्धमा आगामी जेष्ठ १५ गतेसम्ममा सक्ने सहमति भएको थियो । कमिशन र ढुवानी भाडा वृद्धिको माग गर्दै नेपाल पेट्रोलियम डिलर्स राष्ट्रिय एशोसिएशन, नेपाल एलपी ग्यास उद्योग सङ्घ र नेपाल पेट्रोलियम ढुवानी व्यवसायी महासङ्घले आन्दोलन सुरु गरेको थियो ।

निगमले अघिल्लो महिना पेट्रोलियम पदार्थको बिक्रीबाट चर्को नोक्सानी रहेको भन्दै मूल्य बढे पनि बिक्रेताले कसिमन भने नबढाउने निर्णय गरेको थियो । व्यवसायीले डिजेल/पेट्रोल र मट्टितेलको बिक्रीबाट प्रतिलिटरको मूल्यबाट ३.३९५ प्रतिशत कमिसन पाउँदै आएका छन् ।




पहिलो पाइला समाजसेवाको लागि चटपटमाः युवा परिवर्तन र समाजलाई एकिकृत गर्दै समाजरुपान्तर क्षेत्रमा क्रियाशिल सामाजिक संस्था पहिलो पाइला नेपाल पोखरा शाखाले चटपट कार्यक्रम ल्याएको छ। पोखरा शाखाले आर्थिक स्थिति कमजोर भएका बालबालिकाको सहयोगार्थ चटपट खाँदै समाजसेवा भन्ने नारासगै आइतवार पृथ्वीनारायण क्याम्पस गेट आगाडि आग्या पाठकको संयोजकमा संचालित कार्यक्रममा सहसंयोजक अनुसा सुवेदी लगायतका सक्रियतामा भएको पोखरा शाखाका अध्यक्ष रञ्जित दनैले पोखरापत्रलाई बताए ।

# निर्माणाधीन पुल भत्किँदा आठ कामदार घाइते

पोखरापत्र संवाददाता
वालिङ, २१ चैत

स्याङ्जाको चापाकोट नगरपालिका र पाल्पाको रामपुर नगरपालिका जोड्ने निर्माणाधीन पुल भत्किँदा आठ कामदार घाइते भएका छन् ।

चापाकोट-८ प्याकलुकस्थित स्याङ्जाको दामाचौर र पाल्पाको रामपुरलाई जोड्ने कालीगण्डकी नदीमाथिको पक्की पुल गए राति निर्माणका क्रममा भत्किँदा कामदार घाइते भएका जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक एवं प्रहरी प्रवक्ता राजेन्द्रप्रसाद अधिकारीले जानकारी दिनुभयो ।

पक्की पुल निर्माण कार्यमा फलामको बिममाथि उचाली जडान गर्ने क्रममा बिमसहित खस्दा रौतहटका २४ वर्षीय प्रेमधन पटेल, बाराको हरिहरपुर-८ का २२ वर्षीय रामनिवास कुमार पटेल, सोही ठाउँ बस्ने २८ वर्षीय जितेन्द्र पटेल, भारत विहारका २५ वर्षीय धनञ्जय ठाकुर, सोही ठाउँका २१ वर्षीय सुजितकुमार यादव, ४८ वर्षीय रघुनाथ राव, २५ वर्षीय अनुपकुमार राव र गोरखाको मिरासन गाउँपालिका-४ का २३ वर्षीय सृजन परियार रहेका प्रहरी प्रवक्ता अधिकारीले जानकारी दिनुभयो । घाइते भएकामध्ये रामनिवास कुमार पटेल र धनञ्जय ठाकुरको अवस्था गम्भीर रहेको छ । गम्भीर रहेका दुई जनाको पाल्पास्थित लुम्बिनी मेडिकल शिक्षण अस्पताल प्रभासमा उपचार भइरहेको छ । अन्यको पाल्पास्थित मिशन अस्पतालमा उपचार भइरहेको छ ।

# कास्की लिग सुरु, २२ टिम भिड्ने

मिना भुजेल
पोखरा, २१ चैत

अखिल नेपाल फुटबल संघ (एन्फा) कास्कीको आयोजनामा कास्कीमा क्लब स्तरिय कास्की लिग फुटबल प्रतियोगिता आजबाट सुरु भएको छ ।

पोखरा महानगरपालिका २५ स्थित गौरीशंकर खेलमैदानका गण्डकी प्रदेशका खेलकुदमन्त्री राजीव गुरुङका सल्लाहकार कुमारध्वज गुरुङको प्रमख आतिथ्यतामा लिग सुरु भएको हो ।

लिगको उख्घाटन खेलमा डिफेण्डिङ च्याम्पियन आदर्श क्लब र हेम्जा युनाईटेड बिच भएको खेल १-१ गोलको बराबरीमा सकिएको छ । एन्फा कास्की अध्यक्ष मिलन गुरुङका अनुसार उक्त खेलबाट दुवै टोलीले समान १/१ अंक बटुलेको छ । त्यसैगरी दोस्रो खेलमा ईन्द्रणी एकीकृतले फुलबारी युवा क्लबलाई ४-२ गोल अन्तरले पराजित गर्यो सो खेलबाट ईन्द्रणीले ३ अंक जम्मा गर्यो । उनका अनुसार भोली (मंगलबार) गौरीशंकर खेल मैदान र रंगशालाको वैकल्पिक खेलमैदानमा समान ४/४ वटा खेल सञ्चालन हुनेछन् ।

लिगमा कास्की जिल्ला फुटबल संघमा आवद्ध २२ वटा क्लवहरुको सहभागिता रहेका संघका महासचिव रमेश कार्कीले बताए । उनका अनुसार लिग कम नक आउटका आधारमा प्रतियोगिता सञ्चालन हुनेछन् ।

उनले लिगका प्रतियोगिताहरु पोखरा रंगशालाको वैकल्पिक खेलमैदान, पोखरा २५ हेमजास्थित गौरीशंकर खेल मैदानमा सञ्चालन गरिने बताए । 'गोस्तेघाटमा पनि खेलाउने भन्ने थियो, उनले भने, 'त्यहाँको शौचायल लगायतको कारणले गर्दा यो पटक दुई ठाउँमा मात्रै खेल खेलाउदै छौ ।' कार्कीका अनुसार प्रतियोगिता अवधिभर कुल ५७ खेल सञ्चालन हुने छन् । प्रतियोगिता सञ्चालनका गर्न हेम्जाको लागि इन्द्र बहादुर कुंवर, पोखरा रंगशालाका लागि नर प्रसाद गुरुङलाई संयोजक तोकिएको उनले बताए । लिग विजेताले गण्डकी प्रदेश स्तरिय मुख्यमन्त्री कप फुटबल प्रतियोगितामा प्रतिस्पर्धा गर्न पाउने एन्फा कास्कीले जनाएको छ ।

# प्रदेशसभामा तीन विधेयक प्रस्तुत

पोखरापत्र संवाददाता
गण्डकी, २१ चैत

गण्डकी प्रदेशसभाको सोमबारको बैठकमा विभिन्न तीन विधेयक प्रस्तुत भएको छ । बैठकमा विधायन समितिका सभापति विष्णुप्रसाद लामिछानेले समितिको प्रतिवेदन सहितको प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, गण्डकी प्रदेश तथा स्थानीय तहबीच समन्वय कायम गर्न तथा विवाद समाधान गर्न बनेको विधेयक र गण्डकी प्रदेशको सिँचाइ सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सभा समक्ष प्रस्तुत गर्नुभयो ।

बैठकको विशेष समयमा प्रदेशसभा सदस्य रामशरण बस्नेतले खानेपानी, पुल जस्ता आधारभूत आवश्यकताका योजनामा रहेको बजेटलाई सरकारले रकमान्तर गरेको बताउनुभयो ।

अर्का सदस्य धनमाया पोखरेल विधि र प्रक्रिया बाहिर गएर रकमान्तर गरिएको भन्दै विरोध गर्नुभयो । गोरखाका विभिन्न सडक बजेटको अभावमा अलपत्र परेको उहाँले ध्यानाकर्षण गराउनुभयो । मनबहादुर गुरुङले गत वर्षातका बाढी पीडितले अझै राहत पाउन नसकेको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले बढ्दो महँगीका कारण जनता पीडित बनेको बताउनुभयो ।

बैठकको शून्य समयमा कृष्णबहादुर थापा, भागवत प्रकाश मल्ल, रोशनबहादुर गाह र चन्द्रमोहन गौतमले समसामयिक विषयमा प्रदेशसभा तथा सरकारको ध्यानाकर्षण गराउनुभएको थियो ।


## कर्मचारी आवश्यकता

पदः बजार प्रतिनिधि
योग्यताः व्यवस्थापन विषयमा १२ कक्षा उत्तीर्ण वा सो सरह
संख्या : १ जना (महिला)
अनुभब : बजार प्रतिनिधिको रुपमा ६ महिना कार्य गरेको र दुई पांग्रे सवारी चालक अनुमति पत्र भएको
दरखास्त दिने अन्तिम मिति : २०७८/१२/२८ गते दिनको ४.०० बजेभित्र
(नोट : अनुभवी तथा स्थानीयलाई बिशेष ग्राहेता दिइने छ ।)

कमलपोखरी बचत तथा ऋण सहकारी संस्था लि.
पोखरा-१३, बाँझापाटन
सम्पर्कः ०६१-५३३८११, ५९०६७३

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ


पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

ऋण लिने दिने मान्छे नै सबैभन्दा दुःखी हुन्छ ।
- थोमस फुलर

## सम्पादकीय

# संकटमा अर्थ संकटमा अर्थतन्त्र

नेपाल राष्ट्र बैंकले बढ्दो आयातका कारण अर्थतन्त्र संकटमा परेको स्वीकार गरेको छ। गठबन्धन सरकारको गलत नीतिका कारण देशमा आर्थिक संकट बढ्दै गएको विपक्षीको आरोप थियो। सत्ता गठबन्धन दलको नेतृत्व गरेको काङ्ग्रेस केन्द्रीय समिति बैठकमा अर्थतन्त्र कमजोर हुँदै गएको बारेमा प्रश्नको उठेको हो । अर्थमन्त्री फेर्न दबाब पनि नपरेको होइन। महंगी बढेको,जनजीवन कष्टकर बन्दै गएकोमा गम्भीर हुनुपर्ने हो । सरकारले देशका बिग्रँदो अर्थतन्त्रको बारेमा छलफल हुनुपर्ने हो । सरकारले कुनै चासोको दिएर कसरी मितव्ययी हुने बारेमा चर्चा नहुनु विडम्बना हो । राष्ट्र बैंकले बैंकका प्रमुख कार्यकारी अधिकृतहरुलाई प्रतितपत्र (एलसी) खोल्न कडाइ गर्न निर्देशन दिएको छ।

सोमबार राष्ट्र बैंकमा भएको छलफलमा अत्यावश्यक बाहेकका वस्तुको आयात रोक्ने रणनीति राष्ट्र बैंकले अघि सारेको छ । अर्थतन्त्रमा केही संकट आउछ कि भन्ने देखियो, समस्या आयातकै कारण हो जुन वस्तु आयात नगर्दा पनि हुन्छ, त्यस्ता वस्तु रोकौं भन्ने विषयमा कुरा भएको राष्ट्र बैंकले जानकारी दिएको छ । अर्थतन्त्रलाई संकटमा पर्न नदिनु सबैको जिम्मेवारी हो । यस विषयमा बैंकहरु पनि गम्भीर हुनुपर्छ। राष्ट्र बैंकले बैंकका सीईओहरुलाई विलासिताका वस्तु आयातका लागि एलसी खोल्न बन्द गर्न भनेको छ । तीन महिनाअघि नै भन्नुपर्ने हो ।सकेसम्म शतप्रतिशत नगद मार्जिन नलिई कुनै पनि वस्तु आयातका लागि एलसी नखोल्न र खोल्नै पर्दा पनि अत्यावश्यकका लागि मात्रै एलसी खोल्न दिनुपर्छ । कार्यकारी निर्देशक देवकुमार ढकाल लगायत सहभागी थिए भने बैंकहरुका तर्फबाट बैंकर्स संघका अध्यक्ष अनिल उपाध्यायसहित अधिकांश बैंकका सीईओहरु उपस्थित थिए । केही बैंकका भने डेपुटी सीईओहरु छलफलमा सहभागी थिए।

राष्ट्र बैंकले सीईओहरुलाई अनौपचारिक आयात रोक्न राष्ट्र बैंकले निर्देशन दिन नमिल्ने भन्दै अधिकारीहरुले छलफललाई गोप्य राख्न भनेका थिए । 'शतप्रतिशत मार्जिन राख्ने व्यवस्थाले मात्रै भएन व्यापारीहरुले आयात गरेका गऱ्यै गरे, यसकारण पनि राष्ट्र बैंक कडा रुपमा प्रस्तुत हुन खोजेको हो' छलफलमा सहभागी एक बैंकका सीईओले भने, 'तर यो केही साताका लागि मात्रै अनुरोध गरिएको भन्नुभएको छ, हामीले पनि सहमति जनाएर आएका छौं ।'

पछिल्लो समय बढ्दो आयातका कारण अर्थतन्त्र संकटमा परेको राष्ट्र बैंकको निष्कर्ष छ । विदेशी मुद्रा आर्जन गर्ने मुख्य स्रोत भनेको पर्यटन र रेमिट्यान्स् दुबै घटेको छ । निर्यात गर्न नसक्ने र अचाक्ली आयातका कारण ठूलो परिमाणमा रकम बाहिरिएको छ। पछिल्लो समय विलासिताका वस्तुहरुको आयात बढ्दो छ। इन्धन आयातले पनि ठूलो रकम विदेशिएको छ । 'तर इन्धन आयात ठप्प बनाउन हामी सक्दैनौं, हाम्रो टार्गेट सवारी साधन, सुनचाँदी जस्ता वस्तुहरुमा हो' उनले भने, 'करिब ३३ अर्ब त ८ महिनामा सुनमात्रै आयात भएको छ, ७० अर्बजतिको गाडी र यसको पाटपूर्जा आयात भएको छ, यतिमात्रै रोक्न सकेपनि धेरै बचत हुने थियो ।

# मतपत्र छपाई सुरु हुँदै

**रासस**
**काठमाडौं, २१ चैत**

आगामी वैशाख ३० गते शुक्रबार हुने स्थानीय तह निर्वाचनका लागि मतपत्र छपाई मंगलबारदेखि सुरु हुनेभएको छ।

निर्वाचन आयोगद्वारा आयोजित नियमित पत्रकार भेटमा प्रवक्ता शालिग्राम शर्मा पौडेलले जनक शिक्षा सामग्री केन्द्रमा निर्वाचनका लागि आवश्यक मतपत्र आयोगको निर्णयपछि छपाई मंगलबारदेखि सुरु हुने बताउनुभयो।

उहाँले कूल २३ लहर समूहका ७७ प्रकारका एक करोड ९४ लाख थान मतपत्र छपाई हुने जानकारी दिनुभयो। आयोगका अनुसार सबैभन्दा कम १६ लहरको मतपत्र डोल्पाको हुनेछ भने सबैभन्दा बढी ५६ लहरको मतपत्र काठमाडौंको हुनेछ।

निर्वाचनमा राजनीतिक दललाई प्रचारप्रसार र मतदाता शिक्षाका लागि सहज होस् भन्ने हेतुले आयोगले एक लाख ८० हजार थान नमूना मतपत्र छपाई गरिसकेको छ । राजनीतिक दलको आधिकारिक पत्रका आधारमा रु सात हजारमा देशभरको तथा पाँच हजार तिरेर प्रदेशको मतदाता नामावली आयोगबाट लिने सकिने जानकारी दिइयो । जिल्लाबाट सम्बन्धित दलको पत्र वा उम्मेदवारको निवेदनका आधारमा जिल्लाभरको रु तीन हजार, पालिका तहको रु एक हजार तथा वडाको रु ५०० तिरेर सम्बन्धित जिल्ला निर्वाचन कार्यालयबाट मतदान नामावलीको विद्युतीयप्रति लिन सकिने व्यवस्था छ। निर्वाचन तथा मतदाता शिक्षा निर्देशिका, निर्वाचन तालिम निर्देशिका, मतदान निर्देशिका र मतगणना निर्देशिका आयोगबाट पारित भई कार्यान्वयनमा आइसकेको सो अवसरमा जानकारी दिइयो।

# नयाँ वर्ष पारेर फुटबल प्रतियोगिता

**पोखरापत्र संवाददाता**
**बागलुङ, २१ चैत**

नयाँ वर्षको अवसर पारेर आउँदो वैशाख ७ देखि १० गतेसम्म यहाँ 'राजेन्द्र स्मृति कालिका कप' फुटबल प्रतियोगिता हुने भएको छ।

संयुक्त चार युवा क्लबद्वारा आयोजित प्रतियोगिता बागलुङ नगरपालिका-४ स्थित ओडारचौर बहुउद्देश्यीय खेल मैदानमा चल्नेछ।

प्रतियोगितामा १५ टोली सहभागी हुने क्लबका अध्यक्ष अभिषेक कटवाल क्षेत्रीले जानकारी दिनुभयो । प्रतियोगिताका विजेता टोलीले ट्रफीसहित रु एक लाख र उपविजेताले रु ७० हजार पुरस्कार प्राप्त गर्नेछ।

प्रतियोगिता सम्पन्न गर्न रु आठ लाख खर्च लाग्ने आयोजकको अनुमान छ । सेभेन-ए साइडको उक्त प्रतियोगितानकआउटप्रणालीबाट खेलाइनेछ । फुटबलसँगै सांस्कृतिक कार्यक्रमको पनि आयोजना गरिने आयोजकले जनाएको छ । प्रतियोगितामा टोली दर्ता शुल्क रु नौ हजार तोकिएको छ।

प्रतियोगिता सञ्चालनका लागि वडाले रु दुई लाख र दिवङ्गत राजेन्द्र कटवाल क्षेत्रीका परिवारले रु एक लाख सहयोग गरेको क्लबका सहसचिव रोशन कुँवरले बताउनुभयो । उहाँका अनुसार प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीलाई नगद पुरस्कारको प्रबन्ध गरिएको छ।

# उजाडिएको गाउँमा नमूना विद्यालय अवधारणा

**- खेमराज गौतम**
**बागलुङ, २१ चैत (रासस)**

बागलुङका काठेखोला गाउँपालिका-५ करलिमस्थित करलिम आधारभूत विद्यालयको कक्षा ३ मा अछाम घर भएका भरत साउद अध्ययन गर्दै थिए।

बागलुङको एउटा गाउँको विद्यालयमा अहिले अछाम मात्रै हैन बाजुरा, बैतडी र बागलुङको दुर्गम पालिका निसीखोलाका विद्यार्थीलेसमेत पढ्दै आएका छन्। चर्को बसाइँसराइ खेप्दै आएको करलिम गाउँमा रहेको आधारभूत विद्यालयमा विद्यार्थी बढाउन छात्राबाससहितको सेवा दिएर करलिम बाहिरका २५ विद्यार्थी गत वषदेखि आवासीय सेवासहित अध्यापन गराइराखेको छ । त्यसमध्येका विद्यार्थी हुन अछामका साउद।

बसाइँसराइले उजाडिएको गाउँमा रहेको श्रीराम प्राथमिक विद्यालय गाभिए पनि करलिम आधारभूत विद्यालयमा विद्यार्थी सङ्ख्या घट्दै जाँदा शिक्षा प्रेमी स्थानीयलाई चिन्ता भयो । विसं २०६८ को जनगणनामा १६० घर भएको करलिम गाउँमा अहिले ८० घरमा मात्रै मानिस बस्दै आएका छन्।

पछिल्लो १० वर्षमा ८० घर मात्रै बसाइँसराइले खाली भएको हैन यहाँको खेतीयोग्य जमिनसमेत बाँझो छ। बसाइँसराइले घरमा ताल्चा लागेको छ भने पिँढीमा झार पलाएको छ। खेतबारी बाँझै रहेपछि अहिले करलिममा भएका अधिकांश घरसमेत बसाइँसराइको तयारीमा छन् । गाउँमा वृद्ध र बालबालिकाबाहेक कोही भेट्टिदैनन्। बागलुङको बिहुँका अधिकांश जापान रहेका कारण बसाइँसराइ तीव्र रहेको छ। त्यही तीव्र बसाइँसराइका कारण प्रभावित बनेको करलिम आधारभूत विद्यालयलाई पुनःस्थानीयकै सक्रियतामा नमूना बनाउन थालिएको करलिम आधारभूत विद्यालयका सहायक प्रधानध्यापक गोविन्दप्रसाद कँडेलले बताउनुभयो।

"कुनै दिन एक कक्षामा १०० विद्यार्थी भएको यसै विद्यालयमा गत वर्ष सबै विद्यार्थी जोड्दा ८० जना पुगेका थिए", कँडेलले भन्नुभयो, "पुनःविद्यालय गाभिने अवस्था र विद्यार्थीलाई आधारभूत शिक्षका लागि टाढा जानुपर्ने बाध्यता भएकाले विद्यालयलाई जोगाउन करलिम कल्याण कोष स्थापना गरेर अन्य जिल्लाका विद्यार्थीलाई आवासीयसहितको सेवा दिन थालेपछि अहिले विद्यार्थी बढेर १२० पुगेका छन् ।" उजाडिएको गाउँ र मारमा परेको विद्यालयलाई देखेर करलिमबाट विदेश पुगेकाले गठन गरेको करलिम कल्याण कोषले बाँझो जग्गालाई हराभरा पार्दै विद्यालयमा विद्यार्थी बढाउन विभिन्न जिल्ला र बागलुङका कुनाकाप्चाबाट परिवारलाई नै यहाँ बसाइँसराइ गरेर ल्याउन अभियान चालेको छ।

विद्यालयमा बाहिरबाट विद्यार्थी ल्याएर निःशुल्क छात्राबाससहितको सुविधा दिएर अध्यापन गराउन थालिएको र पुनः यो शैक्षिकसत्रमा समेत थप ५० विद्यार्थी बाहिरबाट ल्याउने योजना विद्यालयसँग रहेको विद्यालयका शिक्षक रमेश सुवेदीले जानकारी दिनुभयो । सुवेदीलाई हालै जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको करलिम कल्याण कोषको रकमबाट तलब खुवाउने गरी विद्यालयमा राखिएको हो । "कसैले बाँस नपाउने, कतै विद्यार्थीले अध्ययन गर्न नपाउने अवस्था छ तर यहाँ सुविधा सम्पन्न घर तथा जग्गा खाली छ भने विद्यालयमा विद्यार्थीको अभाव छ भन्ने हेतुले यस्तो योजना ल्याएका हौँ", शिक्षक सुवेदीले भन्नुभयो, "माने परिवार नै ल्याएर गाउँमा राख्ने योजना छ, नभए उहाँका छोराछोरी जो पढ्न पाएका छैनन् उनीहरूलाई यहाँ ल्याएर पठाउने कोषको अवधारणा हो ।" विद्यालयमा बालमैत्री शिक्षाका लागि सबै विद्यार्थीलाई दिवा खाजा, डिजिटलमाध्यमबाट शिक्षक सिकाइ र बालमैत्री भौतिक संरचना तयार गरिएको विद्यालयले जनाएको छ । पछिल्लो समय विद्यालयले गुणस्तरीय सेवा दिएर निजी विद्यालयका विद्यार्थीसमेत फर्काउने योजना बनाएको छ।

बसाइँसराइले उजाडिएको गाउँमा दूरदराजमा रहेका गरिब तथा विपन्न परिवारलाई आश्रय दिएर उनीहरूका छोराछोरीलाई निःशुल्क अध्यापन गर्ने र परिवारका सदस्यलाई गाउँमै रोजगारी दिने लक्ष्यका साथ करलिम घर भई वैदेशिक रोजगारीका लागि विदेशमा रहनुभएका लक्ष्मण सुवेदीको परिकल्पनामा करलिम कल्याण कोष स्थापना गरिएको छ। कोषले हालै रु १५ लाखमा जग्गा खरिद गरेर छात्राबाससमेत निर्माण गरिसकेको छ। यस्तै कोषले रु डेढ लाख मासिक खर्चमा विद्यालयमा तीन तीन शिक्षक र छात्राबाससमेत सञ्चालन गर्दै आएको छ। कोषमा हालसम्म झण्डै रु दुई करोड रकम जम्मा भइसकेको छ। विसं २०३६ मा स्थापना भएको विद्यालयमा हाल छ स्थायी, तीन निजी स्रोत र एक करारमा शिक्षक राखेको छ।

## फेदीखोला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### फेदीखोला, गण्डकी प्रदेश, नेपाल

### पुराना घर तथा भवनहरु अभिलेख व्यवस्थापन गर्ने सम्बन्धी सार्वजनिक सूचना ।

**प्रथम पटक सूचना प्रकाशित मिति २०७८।१२।२२**

फेदीखोला गाँउपालिका भित्र निर्माण भएका घर तथा भवनहरुको नक्शापास एवं अभिलेखिकरणलाई व्यवस्थित गर्ने उद्देश्यका साथ फेदीखोला गाँउपालिका क्षेत्रमा यस अघि भवन संहिता २०७२ लागु हुनु पुर्व निर्मित घर तथा भवनहरु र भवन संहिता २०७२ लागु भए पश्चात तत्कालिन प्रचलित कानुन बमोजिम नक्शा पास गर्नु पर्नेमा नक्सा पास नगरी वा पास भएको नक्शामा स्वीकृत बेगर हेरफेर गरी वा मापदण्ड बिपरित बनाएका घर तथा भवनहरुको अभिलेखिकरण प्रयोजनका लागि तयार भएको '**फेदीखोला गाउपालिकाका पुराना भवनहरुको अभिलेख व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७८**' बमोजिम पुराना घर तथा भवनहरु अभिलेखीकरण गर्नु गराउनुहुन सम्पुर्ण फेदीखोला गाउँपालिकावासीलाइ सुचित गरिन्छ । सुचना प्रकाशित मितिले ६ महिना भित्र पुराना घर तथा भवन भएका घरधनीहरुले यस कार्यालयमा आई आफ्नो घर तथा भवनको अभिलेखिकरण गर्ने कार्य गरिसक्नु पर्ने भएकाले सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित अवधिमा अभिलेखिकरण नगराउने सेवाग्राहीलाइ गाउँपालिकाले तोके बमोजिमको जरिवाना लाग्ने व्यहोरा समेत सुचित गरिन्छ ।

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:**

१. सम्बन्धित घरजग्गाधनीको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १ प्रति
२. सम्बन्धित जग्गाधनीको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि १ प्रति
३. हालसालै सम्पति/मालपोत कर बुझाएको रसिदको प्रतिलिपि १ प्रति
४. नापी कार्यालयबाट उपलब्ध हुने जग्गाको ब्लु प्रिन्ट नक्साको सक्कल १ प्रति
५. सम्बन्धित वडा कार्यालयको सिफारिस १ प्रति (निर्देशिकामा उल्लेख गरिएको ढाँचामा)
५. घरजग्गाधनीको निवेदन १ प्रति
६. सम्बन्धित घरको नक्सा (घरको अवस्था देखिने इन्जिनियरबाट तयार गरिएको नक्शा) र घरको फोटो २ प्रति
७. अभिलेखिकरण शुल्क तिरेको रसिदको प्रतिलिपी १ प्रति
८. पासपोर्ट साइजको फोटो २ प्रति

**थप जानकारी :**

१) उल्लेखित अवधि भित्र घर/भवन अभिलेखिकरण नगराएमा त्यस पश्चात गाउँपालिकाबाट प्रदान गरिने निर्देशिकाले तोकेको सेवाबाट सम्बन्धित घरधनी वन्चित हुनेछन् ।
२) पेश गरेका सम्पुर्ण कागजातको जवाफदेहिता सम्बन्धित घरधनीले बेहोर्नुपर्नेछ ।
३) गलत सूचना तथा कागजातका आधारमा घर अभिलेखिकरण गरिएको पाइएमा तत्काल निजको अभिलेखिकरण रद्ध गरी कारवाहीको प्रक्रिया अगाडि बढाइनेछ ।
४) उल्लेखित ६ महिने अवधिमा वडा कार्यालयमा निवेदन दिइ प्रक्रियामा गएका सेवाग्राहीहरुको अभिलेखिकरण गरी प्रमाणपत्र जारी गर्ने प्रक्रिया उक्त अवधि पछि पनि कार्यान्वयनमा लगिनेछ तर प्रक्रियामा प्रवेश नगरेका सेवाग्राहीको हकमा अभिलेखिकरण माग नगरे सरह मानिनेछ ।

**उन्नत जातको बंगुरको पाठा चाहिएमा हामीलाई सम्झनुहोला ।**

**सम्पर्क:**
९८०६६३०११४
९८१९१९९३८१

**अर्जेन्ट चाहियो**
**अफिसको लागि**
साधारण लेखपढ: ३ जना
SLC, + 2 above : ५ जना
तलब: आकर्षण

**सम्पर्क:**
९८१५१५७८०२
९८४६६४७६२७

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : आर्थिक समस्या |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : शत्रुको भय |
| कर्कट | : सम्मान मिल्नेछ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : मानसिक तनाब | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# समय बचत तथा ऋण सहकारीमा ५१ यूनिट रगत संकलन

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ चैत**

समय बचत तथा ऋण सहकारी संस्थाले आयोजना गरेको रक्तदान कार्यक्रममा ५१ यूनिट रगत संकलन भएको छ।

संस्थाले आफ्नो स्थापनाको १४ औं वीर्षकोत्सवको अवसर पारेर आयोजना गरेको कार्यक्रममा ५१ जनाले रक्तदान गरेका हुन्। कार्यक्रमको उद्घाटन पोखरा महानगरपालिका वडा नम्वर ९ का वडाध्यक्ष रामराज लामिछानेले गरे। उनले संस्थाका शेयर सदस्य आशिष गुरुङलाई ब्लड व्याग हस्तान्तरण गर्दै कार्यक्रमको उद्घाटन गरेका हुन्।

कार्यक्रममा रक्तसञ्चार केन्द्रका वरिष्ट प्रविधिक महेन्द्र केसीले रक्तदानको महत्वका बारेमा प्रकाश पारे। संस्थाका अध्यक्ष शिव प्रसाद द्वाको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत कार्यसमिति सदस्य भोलाकुमार श्रेष्ठ र सञ्चालन संस्थाका सचिव अनिल बङ्गामीले गरेको कार्यक्रम संयोजक नविन नापितले जानकारी दिए।

कार्यक्रम नेपाल रेडक्रस सोसाइटी क्षेत्रिय रक्तसञ्चार केन्द्रको प्राविधिक सहयोगमा सम्पन्न भएको हो।

करिव एक हजार शेयर सदस्य रहेको सहकारीले यसअघि स्थापनाको १४ वर्ष प्रवेश गरेको अवसरमा लमजुङको गिलुङस्थित ज्योति विन्दु प्राविमा अध्यनरत ३१ विद्यार्थीहरुलाई शैक्षिक तथा खेलकुद समाग्री वितरण गरेको थियो।

# स्वास्थ्य बीमामा सहयोग

**पोखरापत्र संवाददाता**
**बेनी, २१ चैत**

६५औँ राष्ट्रिय सहकारी दिवसका अवसरमा म्याग्दी सदरमुकाम बेनीमा रहेको दिदीबहिनी बचत तथा ऋण सहकारी संस्था लिमिटेडले मुट्ठीदान सहयोग गरेको छ।

सहकारीले सञ्चालन गरेको मुट्ठीदान अभियानमार्फत बेनी नगरपालिकाका अतिविपन्न १० महिलालाई स्वास्थ्य बीमाबापतको रकम सहयोग गरेको हो। बीमाबापत प्रतिव्यक्ति रु तीन हजार ५०० का दरले रु ३५ हजार आर्थिक सहयोग गरिएको सहकारीका अध्यक्ष ज्योति लामिछानेले जानकारी दिनुभयो। एक वर्षका लागि स्वास्थ्य बीमाबापतको उक्त रकम सहकारीका अध्यक्ष लामिछाने र जिल्ला सहकारी सङ्घ म्याग्दीका अध्यक्ष प्रेमबहादुर कार्कीले प्रदान गर्नुभएको थियो।

स्वास्थ्य बीमाबापतको रकम पाउनेमा सो नगरपालिकाभित्रका विपन्न महिला उमादेवी किसान, माया सार्की, सुन्तली दमाई, शान्ति किसान, सुनमाया किसान, सुकमाया किसान, विस सार्की, अस्मिता पुन, बालकुमारी कामी र तिलकुमारी कार्की रहनुभएको छ। सोही अवसरमा बेनपा-१, रत्नेचौर निवासी क्यान्सरपीडित सेती विक र बेनपा-९, घतान निवासी गौमती विकलाई पनि उपचारका लागि जनही रु पाँच हजार ५५५ को दरले आर्थिक सहयोग हस्तान्तरण गरिएको सहकारीका अध्यक्ष लामिछानेले जानकारी दिनुभयो। सहकारीमा आबद्ध दिदीबहिनीको सहयोगमा स्थापित मुट्ठीदान अभियानबाट सङ्कलन गरिएको रकमले सानो भए पनि महिलालाई उपचारमा राहत मिलोस् भन्ने उद्देश्यसहित आर्थिक सहयोग हस्तान्तरण गरिएको उहाँको भनाइ छ। महिलाको मात्रै लगानी र व्यवस्थापनमा बेनीमा सञ्चालित दिदीबहिनी सहकारीले सामाजिक कार्यका रुपमा मुट्ठीदान अभियानलाई निरन्तररुपमा सञ्चालन गर्दै आइरहेको छ।

# गठबन्धन गर्न कार्यदल बनाइने

**पोखरापत्र संवाददाता**
**दमौली, २१ चैत**

स्थानीय तहको निर्वाचनमा गठबन्धन गरेर जाने तनहुँका चार दलले निर्णय गरेका छन्। केन्द्रमा रहेको गठबन्धनलाई स्थानीय तहको निर्वाचनमा पनि कार्यान्वयन गर्ने निर्णय गरिएको हो।

नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी) र जनता समाजवादी पार्टीका नेताहरूको आज बसेको बैठकले आवश्यकता परेको खण्डमा वडास्तरसम्मै गठबन्धन गरेर जाने निर्णय गरेका छन्। निर्वाचनमा गठबन्धनका लागि दसवटै पालिकामा कार्यदल गठन गर्ने सहमति भएको नेपाली कांग्रेसका सचिव लक्ष्मीभक्त खनालले जानकारी दिनुभयो।

उहाँका अनुसार हरेक पालिकामा दुई/दुईजना रहने गरी कार्यदल बनाइनेछ। उक्त कार्यदलले गठबन्धनका लागि आवश्यकताअनुसार निर्णय गर्ने सहमति भएको खनालले बताउनुभयो। "केन्द्रमा गरिएको निर्णयलाई स्वागत गर्दै तनहुँमा पनि त्यसको कार्यान्वयन गर्ने सहमति भएको छ, कार्यदल गठन गरेर गठबन्धनलाई कसरी लैजाने भन्ने विषयमा छलफल हुन्छ", उहाँले भन्नुभयो।

बैठकमा नेपाली कांग्रेसका सभापति जितप्रकाश आले, निवर्तमान सभापति वैकुण्ठ न्यौपाने, माओवादी केन्द्रका केन्द्रीय सदस्य हरि चुमान, जिल्ला अध्यक्ष राजेन्द्रकेशरी न्यौपाने, एकीकृत समाजवादीका जिल्ला अध्यक्ष शङ्करनारायण श्रेष्ठ, केन्द्रीय सदस्य चित्रबहादुर थापा, जनता समाजवादीका केन्द्रीय सदस्य शिवलाल थापा र जिल्ला अध्यक्ष कृष्ण गुरुङ सहभागी हुनुहुन्थ्यो।

# सिमलटारमा कुवाको पानी खानुपर्ने बाध्यता हट्यो

**पोखरापत्र संवाददाता**
**दमौली, २१ चैत**

तनहुँको बन्दीपुर-२ सिमलटार स्थित खानेपानी योजना चार वर्षपछि सम्पन्न भएको छ। योजना सम्पन्न भएपछि त्यस क्षेत्रका बासिन्दाले कुवाको पानी खानुपर्ने बाध्यता हटेको छ।

सङ्घीय सरकारको रु एक करोड ५० लाख ७० हजारको लागतमा योजना सम्पन्न भएको खानेपानी उपभोक्ता समितिका अध्यक्ष रोजन बानियाँले जानकारी दिनुभयो। योजनाबाट २२५ परिवार लाभान्वित भएका छन्। सोही वडाको गिदारीबाट लिफ्ट गरी करिब एक किलोमिटर दूरीबाट पानी ल्याइएको हो। योजनाबाट सिमलटार, चामुण्डा, धारापानी र थुम्कीका बासिन्दा लाभान्वित भएका छन्। कोरोना सङ्क्रमणका कारण निर्धारित समयभन्दा ढिला योजना सम्पन्न भएको बानियाँले बताउनुभयो।

घरघरमा पानी उपलब्ध भएपछि स्थानीयवासी खुसी भएका छन्। समितिका सचिव रत्नबहादुर कार्कीका अनुसार यसअघि टाढाबाट पानी बोक्नुपर्ने बाध्यता थियो। गाउँमा ८५ धाराबाट पानी वितरण गरिएको छ। "पानी लिन कुवा धाउनु पर्ने समस्याको अन्त्य भएको छ", स्थानीय शेरबहादुर नेपालीले भन्नुभयो। पानी पुगेपछि तरकारी र फलफूल खेती गर्नसमेत सहज भएको छ। उक्त योजनाको आइतबार एक कार्यक्रमबीच नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले उद्घाटन गर्नुभयो।

# महाशिलाको आधारभूत अस्पतालबाट सेवा आरम्भ

**पोखरापत्र संवाददाता**
**पर्वत, २१ चैत**

पर्वतको महाशिला गाउँपालिकास्थित चिसापानी पदमार्ग, स्थानीय महेन्द्रज्योति माविमा बनेको आईसिटी कक्षा र महाशिला आधार भूत अस्पताल सेवाको शुभारम्भ गरिएको छ।

त्यसैगरी गाउँपालिकामा विभिन्न क्षेत्रबाट योगदान पुर्‍याउने ७७ जनालाई सम्मान गरिएको छ। चारवटै संयुक्त कार्यक्रमको सोमबार राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले उद्घाटन गर्नुभयो। उद्घाटनपछि आयोजित समारोहलाई सम्बोधन गर्दै उहाँले ग्रामीण क्षेत्रको विकास र समृद्धिबाट नै समग्र मुलुकको समृद्धि हुने बताउनुभयो। गाउँमै सबै नागरिकका सबै आवश्यकता उपलब्ध गराउन सकेमा बढ्दो पलायनदर न्यूनीकरण हुँदै जाने बताउँदै अध्यक्ष तिमिल्सिनाले गाउँको समृद्धि र विकासमा तीनै तहका सरकारको ध्यान जानुपर्नेमा जोड दिनुभयो। शिक्षा, स्वास्थ्य, सडक, खानेपानी, सिँचाइलगायत अत्यावश्यक पूर्वाधारमा लगानी बढाउनुपर्ने उहाँले उल्लेख गर्नुभयो।

अर्को प्रसङ्गमा आवधिक निर्वाचन स्वच्छ र निष्पक्ष हुनुपर्ने बताउँदै अध्यक्ष तिमिल्सिनाले नागरिकले स्वतन्त्र र निर्भयका साथ मतदान गर्न सक्ने वातावरण बनाउनुपर्ने बताउनुभयो। उहाँले आउँदो स्थानीय तहको निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न जिल्लाका सरोकारवालालाई आग्रह गर्नुभयो।

# गर्मी बढेसँगै गाउँ पस्दै मनाङवासी, सुरु भएन चुनावी चहलपहल

**–नवीन लामिछाने**
**मनाङ, २१ चैत (रासस)**

स्थानीय तह निर्वाचन नजिकिएसँगै देशभर गाउँदेखि सहरसम्म चुनावी चहलपहल बढे पनि मनाङमा भने चुनावी सरगर्मी बढेको देखिएको छैन। आगामी वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनका लागि विभिन्न राजनीतिक दलले उम्मेदवार छनौट गरिरहेका छन्। तर हिमाली जिल्ला मनाङमा भने चुनावी गतिविधिहरु नबढ्दा उम्मेदवार छान्ने काम पनि हुन सकेको छैन।

जिल्लावासी जाडो छल्न बेँसी झरेकाले पनि यहाँ चुनावी चहलपहल सुरु हुन नसकेको हो। चैतको दोस्रो सातापछि यहाँका स्थानीय विस्तारै गाउँ फर्कने गर्दछन्। गर्मी बढेसँगै जिल्लावासी मनाङ फर्कन थालेपछि चुनावी प्रचारप्रसार बढ्ने देखिएको छ। जिल्लाका नेताहरु अहिले गाउँ पुगेका छैनन्। धेरैजसो मतदाता पनि जिल्ला बाहिर रहेकाले पनि नेताहरु जिल्लामा नपुगेको आँकलन गर्न सकिन्छ। जिल्लाका राजनीतिक दलका नेताहरु गाउँ नपुगे पनि निर्वाचन कार्यालयले भने निर्वाचनसम्बन्धी आवश्यक कार्यहरु अगाडि बढाएको बताएको छ। माथिल्लो मनाङमा चुनावी माहोल नबनेको मनाङ डिस्याङ गाउँपालिकाका अध्यक्ष कान्छा घले बताउनुहुन्छ। "अब नेताहरू आउनुहुन्छ होला, विस्तारै तात्ने बेला हुन लागेको छ', उहाँले भन्नुभयो। उहाँका अनुसार चिसो छल्न काठमाडौँ-पोखरा, अन्यत्र गएका स्थानीयवासी विस्तारै फर्किन थालेका छन्। नार्पाभूमिका गाउँ पनि अहिले सुनसान छन्। स्थानीयसँगै केही जनप्रतिनिधि र कर्मचारी पनि फर्किन बाँकी नै छ। गाउँपालिका अध्यक्ष मिङ्माछिरिङ लामाका अनुसार बाहिर रहेका गाउँपालिकाका बासिन्दा फर्किएका छैनन्।

चुनावी कार्यक्रमहरु सञ्चालन नभएको भए पनि निर्वाचन कार्यालयले तयारी गरिरहेको छ। स्थानीय तह निर्वाचनका लागि मनाङमा २०० कर्मचारी खटाउने निर्वाचन कार्यालयले जनाएको छ। कार्यालयका अनुसार राष्ट्रिय दलको मान्यता नपाएका दलको दर्तादेखि स्थानीय तहहरुसँगको समन्वयमा मतदाता नामावली अद्यावधिकलगायत काम भइरहेको छ। निर्वाचन आयोगले मनाङ जिल्ला अदालतका न्यायाधीश पुनाराम खनाललाई मुख्य निर्वाचन अधिकृतको जिम्मेवारी तोकेको छ। खनाललाई सदरमुकाम चामे गाउँपालिका जिम्मेवारी दिएको छ। निर्वाचन आयोगले मनाङको नासो गाउँपालिकामा जिल्ला अदालतका स्रेस्तेदार तारादत्त बड्ु, नार्पाभूमि गाउँपालिकामा सरकारी वकिल कार्यालयका दिनेशकुमार रेग्मी र मनाङ डिस्याङ गाउँपालिकामा सरकारी वकिल कार्यालयका केदारनाथ उपाध्यायलाई निर्वाचन अधिकृत तोकेको छ। दलहरुले चुनावी तयारी गरिरहँदा निर्वाचन कार्यालयले पनि आफ्ना कामअघि बढाएको जिल्ला निर्वाचन कार्यालय मनाङका निर्वाचन अधिकारी पुष्पराज शर्माले जानकारी दिनुभयो। उहाँका अनुसार निर्वाचन अधिकृतका लागि स्थानीय तहमा कार्यालय स्थापना गर्ने, फर्निचर, सिसीटीभी क्यामरा, इन्टरनेट जस्ता आवश्यक सुविधा मिलाउने कार्य भइरहेको छ। मतदान र मतगणनाको जानकारी आयोगमा श्रव्य र दृश्य दुवै माध्यमबाट प्रेषण गर्नुपर्ने भएकाले उक्त जिम्मा स्थानीय तहसँग समन्वय गरी आवश्यक कार्यहरु गरिएको छ।

आगामी स्थानीय तहको निर्वाचनका लागि मनाङमा छ वटा मान्यता प्राप्त दलबाहेक पाँच वटा दल दर्ता भएका छन्। मनाङमा राष्ट्रिय प्रजातन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल, नेकपा समाजवादी पार्टी, सामाजिक एकता पार्टी र उन्नत लोकतान्त्रिक पार्टी दर्ता भएको निर्वाचन अधिकारी शर्माले जानकारी दिनुभयो। जिल्लामा नेपाल कम्युनिष्ट पार्टी एमाले, नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी र लोकतान्त्रिक समाजवादी राष्ट्रिय दलको मान्यता प्राप्त दलको रुपमा सक्रिय छन्। तीमध्येका अधिकांश दलले चुनावी अभियानको थालनी गर्दैछन्।

निर्वाचनका लागि मनाङमा २८ वटा मतदान केन्द्र निर्धारण गरिएको छ। मनाङमा कूल ६ हजार ४९६ मतदाता छन्। ती मतदातामध्ये तीन हजार ३४८ महिला र तीन हजार १४८ पुरुष रहेको निर्वाचन कार्यालयले जनाएको छ। मनाङ नेपालको सबैभन्दा कम मतदाता रहेको जिल्ला हो। विकट र थोरै जनसङ्ख्या रहेकाले मनाङमा माग भएभन्दा कम मात्रले म्यादी प्रहरीमा आवेदन गरे। जिल्लामा निर्वाचनका निम्ति २५८ म्यादी प्रहरीको माग गरिएकामा तोकिएको समयसम्म परेको आवेदनले माग पूर्ति नभएको जिल्ला प्रहरी कार्यालय मनाङले जनाएको छ। सो कार्यालयका अनुसार १४८ आवेदन मात्र परेको थियो। विगतमा जस्तै आगामी निर्वाचनका लागि पनि छिमेकी जिल्लाबाट सोध भर्ना गरी सुरक्षा प्रवाह गरिने प्रमुख जिल्ला अधिकारी रवीन्द्र आचार्यले जानकारी दिनुभयो। उहाँका अनुसार जिल्लामा माग पूर्ति नभएकाले छिमेकी जिल्लाबाट म्यादी प्रहरी सोध भर्ना गरिनेछ। मङ्सिरदेखि फागुनसम्म चिसोका कारण बेँसी झरेका मनाङवासी विस्तारै गाउँ फर्किन थालेका छन्। 'चैत लागेपछि बल्ल विकास निर्माणको काम सुरु हुन्छ। गाउँपालिकातिर आउने जाने गरिरहेको छु', माथिल्लो मनाङस्थित पिसाङ निवासी याङदुङ गुरुङ भन्नुहुन्छ, 'चुनावको चर्चा भएको टीभीतिर हेरेको छु, सुनेको छु। यहाँ कुनै कार्यक्रम भएको छैन र सुनेको पनि छैन।' गुरुङ अहिले विकास निर्माणको कार्यमा व्यस्त हुनुहुन्छ। गाउँमा हुने विकास निर्माणका योजना सम्झौता र कार्यान्वयनमा दिन बित्ने गरेको उहाँ बताउनुहुन्छ। बेंसीसहर-चामे सडकको तिमाङ छहरामा बन्दै गरेको पुल निर्माण हुन बाँकी छ। पुल अब १९/२० तिर बन्ने बताइएको र त्यसपछि गाउँले आउने आँकलन गरिएको छ। प्रशासनले चुनाव लक्षित गर्नुपर्ने सम्पूर्ण काम तीव्र रुपमा अघि बढाएको प्रमुख जिल्ला अधिकारी रवीन्द्रप्रसाद आचार्यले बताउनुभयो। 'निर्वाचन अधिकृत तोकिसकेको अवस्था छ। हामीले मतदानस्थलको अवलोकन गरेर पानी, बिजुली, कम्पाउन्डको अवस्था हेरेका छौँ', उहाँले भन्नुभयो। उहाँका अनुसार मनाङवासी अझै गाउँ फर्केका छैनन्। तिमाङ छहराको पुल निर्माण भएपछि गाडी लिएर सिधै 'गाउँघर फर्किने खबर पाएको उहाँले बताउनुभयो।' मनाङवासी फर्केपछि चुनावी माहोल बन्ने बुझिएको छ। अहिले देखिएको छैन भन्दा पनि हुन्छ, उहाँले भन्नुभयो। मनाङमा ४ गाउँपालिका छन्। सबैभन्दा विकट मानिने नार्पाभूमिका गाउँ पुग्न चामे नजिकै कोतोबाट दुई दिन लाग्छ। विसं २०७४ को स्थानीय तह निर्वाचनमा नासो र नार्पाभूमिको अध्यक्ष कांग्रेसले तथा चामे र मनाङ डिस्याङमा एमालेले जितेको थियो।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

## पशु सेवा तालिम केन्द्र

गण्डकी प्रदेश, पोखरा

## दरभाउपत्र स्वीकृत आशयको सूचना

प्रकाशित मिति २०७८/१२/२२ गते

यस कार्यालयको मिति २०७८/११/२६ गते पोखरापत्र राष्ट्रिय दैनिकमा प्रकाशित शिलबन्दी दरभाउपत्र आह्वान गरे बमोजिम तपशिलमा उल्लेखित दरभाउपत्र दाताको प्रस्ताव न्युनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद नियमावली २०६४ को ८४(१०) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

| सि.नं | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाता | कबोल अंक (मु.अ.कर वाहेक) |
|---|---|---|---|---|
| १. | LTC/ SQ/W/01/078/79 | पानी टंकी निर्माण | मनोज निर्माण सेवा पोखरा-९, नयाँबजार, कास्की | ८,६१,८६४.६० |

## चापाकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

चापाकोट, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सुचना

प्रथम पटक प्रकाशित मितिः २०७८/१२/२२

उपरोक्त सम्बन्धमा यस कार्यालय बाट मिति २०७८/१०/१७ गते प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मूल्याङ्कन हुँदा तपसिल बमोजिमको बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को (१) बमोजिम न्यूनतम मूल्यांङ्कित सारभुतरुपमा प्रभावग्राही भई बोलपत्र मूल्याङ्कन समितिले गरेको निर्णय अनुसार स्वीकृतको लागि प्रकृया अगाडि बढाउनु पर्ने भएकोले ऐनको दफा २७ को उपदफा (२) को प्रयोजनको लागि यो ७ दिने आशयको सूचना प्रकाशित गरिएको छ।

| क्र.स | कामको विवरण | प्याकेज नं | बोलपत्र दाताको नाम र ठेगाना | बोलक बोल रकम | ला.ई.भन्दा कमी वा बढी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | Construction of Blacktop Road from Darshing to Lumdikhola Road | 04/NCB/ CM/ WORKS/ 2078-79 | Rajkeshari Construction, Chapakot Municipality 04 Darsing, Syangja | NRs. 7570223.94 /- (with VAT) | 39.19 Percent Lower | |